# प्रदेश स्तरीय कार्यक्रम संचालन मार्गदर्शन

(नेपाल सरकार, माननीय मन्त्रीस्तरको मिति २०७९/४/३ को निर्णय अनुसार स्वीकृत)

## (सशर्त अनुदान मार्फत हस्तान्तरित आयुर्वेद तथा वैकल्पिक चिकित्सा कार्यक्रम)

## २०७९/०८०

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग,टेकु

# विषयसूचि

आयुर्वेद तथा वैकल्पिक चिकित्सा कार्यक्रम (आयुर्वेद सेवा कार्यक्रम ,सशर्त अनुदान)........................................१
प्रदेश स्वास्थ्य निर्देशनालयको लागि ........................................................................................२
*१) नागरिक आरोग्य कार्यक्रम........................................................................................२*
*२) आयुर्वेद सेवा कार्यक्रम सम्वन्धी समन्वयात्मक समिक्षा........................................................३*
*३) अनुगमन मूल्यांकन,निरिक्षण तथा समन्वय..........................................................................४*
*४) आयुर्वेद सेवा कार्यक्रम सम्वन्धी क्षमता अभिबृद्धि तालिम(क्ष्ज्ञत्तञ्समेत)..................................५*
प्रदेश स्तरीय अन्य आयुर्वेद स्वास्थ्य संस्थाको लागि..........................................................................६
*५) निःशुल्क आयुर्वेद तथा वैकल्पिक चिकित्सा स्वास्थ्य शिविर ।..................................................६*
*६) आयुर्वेद सेवा सम्वन्धी क्षमता अभिबृद्धि तालिम..................................................................७*
*७) म्झर मा जीवनशैली व्यवस्थापन कार्यक्रम..........................................................................७*
*८) आयुर्वेद संस्थालाई औषधि तथा अन्यसामग्री ढुवानी ।..........................................................९*
*९) राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरि जयन्ति,राष्ट्रिय योग दिवस/ अन्तर्राष्ट्रिय योगदिवस......................१०*
*१०) औषधि खरिद..........................................................................................................११*
*११) अनुगमन,मुल्यांकन,निरीक्षण तथा समन्वय ।.....................................................................१२*
*१२) जेष्ठ नागरिकको लागि स्वास्थ्य प्रबर्धन सेवा कार्यक्रम ।.......................................................१३*
*१३) स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक जडिबुटी जन्य औषधि वितरण..............................१४*
*१४) पंचकर्म(पूर्वकर्म) कार्यक्रम ।.........................................................................................१५*
*१५) स्वस्थ जीवन कार्यक्रम.................................................................................................१६*
*१६) जडिवुटीवाट चूर्ण औषधी निर्माण ।...................................................................................१८*
*१७) मेडिकल सामाग्रि,उपकरण तथा मेसिनरी औजार खरिद ।.......................................................१८*
*१८) आयुर्वेद सेवा कार्यक्रम सम्वन्धी समन्वयात्मक समिक्षा.........................................................१९*
*१९) विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम .....................................................................२०*
*२०) प्रयोगशालाका लागि ल्याव कर्मचारीको निरन्तरता ।............................................................२२*
*२१) नागरिक आरोग्य सेवा केन्द्र तथा नागरिक आरोग्य अभियान संचालन.........................................२३*
अस्पताल संचालन तथा व्यवस्थापन खर्च ......................................................................................२६
*२२) प्रादेशिक आयुर्वेद चिकित्सालय, विजौरी, दाङ र धनगढी, कैलालीको लागि ....................................२६*
अनुसूचीहरू.........................................................................................................................२७

## आयुर्वेद तथा वैकल्पिक चिकित्सा कार्यक्रम (आयुर्वेद सेवा कार्यक्रम ,सशर्त अनुदान)

नेपालको संविधान २०७२को भाग ४ को धारा ५१ (ज) को ७ मा 'नेपालको परम्परागत चिकित्सा पद्दतिको रुपमा रहेको आयुर्वेद, प्राकृतिक चिकित्सा र होमियोप्याथिक लगायतका स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्धन गर्ने' भनी प्राथमिकताका साथ उल्लेख गरिएको छ । संविधानका अनुसूचीहरूमा आयुर्वेद तथा वैकल्पिक चिकित्साका विभिन्न आयामलाई महत्वपूर्ण स्थान दिइएको छ ।

**पन्धौं पञ्चबर्षिय योजनामा** आयुर्वेद प्राकृतिक चिकित्सा तथा अन्य चिकित्सा पद्धतिहरुको योजनावद्ध विकास र बिस्तार गर्ने रणनीति उल्लेख छ । स्थानीय स्तरमा उपलव्ध औषधीजन्य जडीवुटी, खनिज एवं जान्तव द्रव्यको पहिचान, संरक्षण, संकलन, प्रवर्द्धनको लागि संरचना निर्माण गरिने, प्रचलित प्राकृतिक चिकित्सा, वैकल्पिक तथा अन्य चिकित्सा पद्धति तथा सेवाहरुलाई निश्चित मापदण्डका आधारमा सूचीकृत,व्यवस्थित गर्दै आयुर्वेद, पञ्चकर्म, योग र प्राकृतिक चिकित्साको विशिष्टिकृत सेवा सहितको राष्ट्रिय आयुर्वेद, योग, ध्यान, प्राणायाम मनोपरामर्श, पञ्चकर्म तथा प्राकृतिक चिकित्सा सेवा केन्द्रको स्थापना गरी स्वास्थ्य पर्यटनलाई प्रवर्द्धन गरिने र **"मेरो स्वास्थ्य मेरो जिम्मेवारी"** लाई प्रभावकारी वनाउन स्वस्थ भान्साको अवधारणा अनुरुप स्वस्थ खानाको प्रयोग गर्न हरेक नागरिकलाई सुसूचीत गर्दै स्वस्थ वातावरण र सक्रिय जीवनशैलीको प्रवर्द्धन गर्न साइकल लेन, एक घर एक करेसाबारी, सार्वजनिक पार्क, व्यायामहल, योगाभ्यास तथा पञ्चकर्म केन्द्रको निर्माण तथा स्थापनाको लागि सरोकारवालासंग समन्वय तथा पैरवी गर्ने उल्लेख छ ।

आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा व्यवस्थापन तथा प्रवाहका लागि संघमा केन्द्रिय आयुर्वेद चिकित्सालय र होमियोप्याथीक अस्पताल, प्रदेश स्तरमा आयुर्वेद चिकित्सालयहरू, ७७ वटै जिल्लामा जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्था तथा स्थानीय स्तरमा ३०५ वटा आयुर्वेद औषधालयवाट आयुर्वेद स्वास्थ्य सेवा प्रवाह भै ७५३ स्थानीय तह मध्ये ३१३ मा आयुर्वेद स्वास्थ्य संस्थाको सेवा विस्तारित छ भने बाँकि ४४० स्थानीय तहमा सेवा विस्तारित हुन जरूरी छ । यस सन्दर्भमा प्रदेश अन्तर्गत आयुर्वेद संस्थाहरूमा संघिय सशर्त अनुदानबाट यस आ.व.मा सञ्चालन हुने देहाय बमोजिमका कार्यक्रमहरूको गुणस्तरीय सञ्चालन, व्यवस्थापकीय पक्षको सुधार तथा कार्यक्रम सञ्चालनमा एकरूपता ल्याउन यो मार्गदर्शन तयार पारीएको छ ।

## प्रदेश स्वास्थ्य निर्देशनालयको लागि

### १) नागरिक आरोग्य कार्यक्रम

(सूचना मूलक समाग्री प्रकाशन,प्रशारण तथा जिल्ला स्थित आयुर्वेद स्वास्थ्य संसथालाइ समेत उपलव्ध गराउने) र अभियान संचालन ।

| | |
|---|---|
| परिचय | प्रत्येक प्रदेशका स्वास्थ्य निर्देशनालय (आयुर्वेद शाखा) ले सूचना मूलक समाग्री प्रकाशन, प्रशारण गरि जिल्ला स्थित आयुर्वेद स्वास्थ्य संस्थालाइ समेत उपलव्ध गराइ नागरिक आरोग्य अभियानलाइ प्रभावकारी रूपमा संचालन गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | नागरिक आरोग्य कार्यक्रमको प्रभावकारीता वृद्धि गर्ने । |
| अपेक्षित प्रतिफल | नागरिक आरोग्य कार्यक्रम गुणस्तरीय र प्रभावकारी रूपमा संचालन भएका हुने । |
| सन्चालन प्रकृया | **सञ्चालन गर्ने निकायः प्रदेश स्वास्थ्य निर्देशनालय ।**<br><br>**सन्चालन विधिः**<br>• आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागसंगको समन्वय तथा परामर्शमा बजेट बाँडफाँड सहितको कार्य योजना तयार गर्ने ।<br>• आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागव्दारा तयार पारीएका नागरिक आरोग्य कार्यक्रम संग सम्वन्धित सामाग्रिहरू प्रकाशन प्रशारण गर्ने ।<br>• साथै अभियानलाइ प्रभावकारी वनाउन स्थानीय भाषामा पनि सान्दर्भिक सामाग्रिहरू प्रकाशन प्रशारण गर्न सकिने ।<br>• यसरी प्रकाशित तथा तयार गरीएका सन्दर्भ सामाग्रिहरू जिल्ला तथा स्थानीय तहका आयुर्वेद स्वास्थ्य संस्थाहरूलाइ समेत उपलव्ध गराउने ।<br>• नागरिक आरोग्य सेवा केन्द्र /औषधालय रहेका पालिकाहरू तथा पालिकाका वडाहरूमा गठित नागरिक आरोग्य समिति तथा समूहहरूलाइ नागरिक आरोग्य अभियान संचालनका लागि अभिमुखिकरण गर्ने ।<br>• अन्य कार्यहरू नागरिक आरोग्य कार्यक्रम संचालन निर्देशिका २०७६ तथा कार्यान्वयन कार्ययोजना (Citizen Well-being Program- Implementation plan) बमोजिम गर्ने<br>• कार्यक्रमको प्रगति विवरण मासिक रूपमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागमा पठाउने ।<br>**अवधिः** स्वीकृत कार्ययोजना अनुसार ।<br>**लक्षित समूहः** प्रदेश तथा स्थानीय तह अन्तर्तका आयुर्वेद स्वास्थ्य संस्थाहरू, नागरिक आरोग्य सेवा केन्द्र, नागरिक आरोग्य समिति तथा समूहहरू । |

| | |
|---|---|
| बजेट बाँडफाँड | बजेट अख्तियारीमा भए बमोजिम/स्वीकृत कार्ययोजना अनुसार । |
| सन्दर्भ सामाग्री | नागरिक आरोग्य कार्यक्रम संचालन निर्देशिका २०७६, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## २) आयुर्वेद सेवा कार्यक्रम सम्वन्धी समन्वयात्मक समिक्षा

| | |
|---|---|
| परिचय | प्रत्येक प्रदेशका स्वास्थ्य निर्देशनालय अन्तर्गतको आयुर्वेद शाखा मार्फत प्रदेशअन्तर्गतका सवै आयुर्वेद स्वास्थ्य संस्थालाइ समेटी ती संस्थाहरूव्दारा संचालन भएका कार्यक्रमको समिक्षा गरी कार्यक्रमको प्रभावकारीता अभिवृद्धि गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्थाहरूवाट संचालित आयुर्वेद सेवा कार्यक्रमको समिक्षा गरी सेवा प्रवाहमा गुणस्तरीयता र प्रभावकारीता वृद्धि गर्ने । |
| अपेक्षित प्रतिफल | आयुर्वेद सेवा कार्यक्रमहरू प्रभावकारी रूपमा संचालन भएका हुनेछन् । |
| सन्चालन प्रकृया | **सञ्चालन गर्ने निकायः प्रदेश स्वास्थ्य निर्देशनालय ।**<br><br>**सन्चालन विधिः**<br>• प्रदेश मातहतका आयुर्वेद स्वास्थ्य संस्थावाट अघिल्लो आ.व.मा संचालित कार्यक्रमहरूको समिक्षाका लागि आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागसंगको समन्वय तथा परामर्शमा बजेट बाँडफाँड सहितको कार्य योजना तयार गर्ने ।<br>• आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागसंगको समन्वयात्मक सहभागितामा प्रदेशका सवै प्रदेश स्तरीय आयुर्वेद स्वास्थ्य संस्थालाइ सहभागि गराइ **प्रथम त्रैमासिक अवधि भित्र** आयुर्वेद सेवा कार्यक्रम सम्वन्धी प्रदेश स्तरीय समन्वयात्मक समिक्षा सम्पन्न गर्ने ।<br>**अवधिः** तोकिएको कार्ययोजना अनुसार ।<br><br>**लक्षित समूहः** सम्वन्धित प्रदेश मातहतका जिल्ला तथा प्रदेश स्तरीय आयुर्वेद स्वास्थ्य संस्थाहरू ।<br><br>**स्थानः** सम्वन्धित कार्यालयले छनौट गर्ने । |
| बजेट बाँडफाँड | बजेट अख्तियारीमा भए बमोजिम/स्वीकृत कार्ययोजना अनुसार । |
| सन्दर्भ सामाग्री | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## ३) अनुगमन मूल्यांकन,निरिक्षण तथा समन्वय

| | |
|---|---|
| परिचय | प्रत्येक प्रदेशका स्वास्थ्य निर्देशनालय अन्तर्गतको आयुर्वेद शाखा मार्फत नागरिक आरोग्य कार्यक्रमका साथै प्रदेशमा संचालन हुने अन्य आयुर्वेद सेवा कार्यक्रमको सम्वन्धमा समन्वय तथा सहजिकरणका साथै संचालित कार्यक्रमको समिक्षा समेत गरी कार्यक्रमको प्रभावकारीता अभिवृद्धि गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | नागरिक आरोग्य कार्यक्रम तथा अन्य आयुर्वेद सेवा कार्यक्रम संचालन सम्वन्धमा समन्वय तथा सहजिकरण र समिक्षा समेत गरी सेवा प्रवाहमा प्रभावकारीता वृद्धि गर्ने । |
| अपेक्षित प्रतिफल | कार्यक्रमहरू प्रभावकारी रूपमा संचालन भएका हुने । |
| सन्चालन प्रकृया | **सञ्चालन गर्ने निकायः प्रदेश स्वास्थ्य निर्देशनालय ।**<br><br>**सन्चालन विधिः**<br>• आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागसंगको समन्वय तथा परामर्शमा बजेट बाँडफाँड सहितको कार्य योजना तयार गर्ने ।<br>• प्रदेश स्वास्थ्य निर्देशनालयलाइ प्राप्त बजेट मध्ये बाट प्रत्येक त्रैमासिकमा कम्तिमा ३ स्थानका दरले नागरिक आरोग्य सेवा केन्द्र रहेको पालिकाको स्थानीय नागरिक आरोग्य समिति तथा नागरिक आरोग्य समूह र प्रदेश स्तरका आयुर्वेद स्वास्थ्य संस्थावाट संचालित कार्यक्रमहरू संचालनमा आवश्यक अनुगमन,मूल्यांकन, सहजिकरण तथा समन्वय गर्ने ।<br>**अवधिः** तोकिएको कार्ययोजना अनुसार ।<br>**लक्षित समूहः** प्रदेश स्तरीय आयुर्वेद स्वास्थ्य संस्था र नागरिक आरोग्य सेवा केन्द्र, नागरिक आरोग्य समिति तथा समूहहरू ।<br>**स्थानः** सम्वन्धित कार्यालयले छनौट गर्ने । |
| बजेट बाँडफाँड | बजेट अख्तियारीमा भए बमोजिम/स्वीकृत कार्ययोजना अनुसार । |
| सन्दर्भ सामाग्री | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## ४) आयुर्वेद सेवा कार्यक्रम सम्वन्धी क्षमता अभिबृद्धि तालिम(AHMISसमेत)

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्यकर्मीहरुको सीप विकास तथा क्षमता अभिवृद्धि गरी प्रदेश भित्रका आयुर्वेद संस्थाहरूवाट प्रभावकारी ढंगले सेवा प्रवाह, कार्यक्रम संचालन तथा आयुर्वेद सूचना प्रणाली (AHMIS) व्यवस्थापन गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | जिल्ला तथा स्थानीय स्तरमा प्रभावकारी ढंगले सेवा प्रवाह तथा कार्यक्रम संचालन गर्न आयुर्वेद स्वास्थ्यकर्मीहरुलाई योग,पूर्वपञ्चकर्म र AHMIS लगायतका आवश्यक तालिम संचालन गर्ने । |
| अपेक्षित प्रतिफल | • आयुर्वेद स्वास्थ्यकर्मीहरुको सीप विकास भई दक्षता अभिवृद्धि भएको हुनेछ ।<br>• आयुर्वेद कार्यक्रमहरु प्रभावकारी र व्यवस्थित ढंगले संचालन गर्न सघाउ पुग्नेछ ।<br>• AHMIS मार्फत Online तथ्यांक प्रविष्ठि प्रभावकारी भएको हुनेछ । |
| सन्चालन प्रकृया | **सञ्चालन गर्ने निकाय: प्रदेश स्वास्थ्य निर्देशनालय ।**<br>**सञ्चालन गर्ने विधिः**<br>• आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागसंगको समन्वय तथा परामर्शमा बजेट बाँडफाँड सहितको कार्य योजना तयार गर्ने ।<br>• प्रदेश तथा जिल्ला स्तरीय आयुर्वेद संस्थाबाट सहभागी छनौट गरि आवश्यकतानुसार उपयुक्त समय र स्थानमा क्षमता अभिबृद्धि तालिम संचालन गर्ने<br>• संघीय आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग तथा प्रदेश स्वास्थ्य निर्देशनालयबाट जारी भएका तालिम सम्वन्धी म्यानुअल समेतलाई आधार मानी कम्तिमा ३ कार्य दिन हुनेगरी प्रयोगात्मक कक्षालाई प्राथमिकतामा राखि सम्वन्धित आयुर्वेद संस्थाबाट कम्तिमा १ जना सहभागि हुनेगरी योग, पूर्वपञ्चकर्म र AHMIS सम्वन्धि तालिम संचालन गर्ने ।<br>• AHMIS को सन्दर्भमा प्रदेश मातहतका आयुर्वेद संस्थाबाट विरामी तथ्यांक प्रविष्ठिको लागि तोकीएको कुनै एक निश्चित कर्मचारीको विवरण संकलन गरि तालिम प्रदान गर्ने ।<br>• कार्यक्रम समाप्ति पश्चात प्रगति बिवरण आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागमा पठाउने ।<br>**कार्यक्रम संचालन गर्ने समयः** कार्ययोजना अनुसार ।<br><br>**लक्षित समूहः**आयुर्वेद चिकित्सक एवं स्वास्थ्यकर्मीहरू । |
| बजेट बाँडफाँड | बजेट अख्तियारीमा भए बमोजिम/स्वीकृत कार्ययोजना अनुसार । |
| सन्दर्भ सामाग्री | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## प्रदेश स्तरीय अन्य आयुर्वेद स्वास्थ्य संस्थाको लागि

### ५) निःशुल्क आयुर्वेद तथा वैकल्पिक चिकित्सा स्वास्थ्य शिविर ।

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य संस्थाको पहुँच नपुगेका स्थानहरूमा आयुर्वेद चिकित्सा सेवा सम्बन्धि सचेतना र सेवा प्रवाह गर्न आवश्यक ठानी यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | आयुर्वेद स्वास्थ्य संस्थाको पहुँच नपुगेका स्थानहरूमा आयुर्वेद चिकित्सा सेवा सम्बन्धि सचेतना र सेवा प्रवाह गर्ने । |
| अपेक्षित प्रतिफल | आयुर्वेद स्वास्थ्य संस्था नभएका स्थानहरूमा स्वास्थ्य लाभ हुनका साथै आयुर्वेद चिकित्सा सम्बन्धि सचेतना अभिवृद्धि समेत भएको हुनेछ । |
| सन्चालन प्रकृया | **सञ्चालन गर्ने निकायः**साविकका अञ्चल आयुर्वेद औषधालय/ जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र<br><br>**सन्चालन विधिः**<br><br>• आयुर्वेद सेवाको पहुँच नपुगेका स्थानहरू छनोट गरी साविकका अंचल आ.औ./ जि.आ.स्वा.के.ले चिकित्सक सहितको जनशक्ति परिचालन गरी चौथो त्रैमासिकको प्रथम महिना सम्ममा शिविर संचालन गर्ने ।<br><br>• पञ्चकर्म(पूर्वकर्म )सेवा संचालन गरेमा अनुसूचि १ अनुसार सेवा ग्राहीको र अनुसूचि २ अनुसारका द्रव्यहरू प्रयोग गरि अभिलेख राख्ने ।<br><br>**अवधिः** तोकिएको कार्ययोजना अनुसार ।<br><br>**प्राथमिकताः** आयुर्वेद सेवाको पहुँच नपुगेका स्थानहरू ।<br><br>**लक्षित समूहः** सेवाग्राही र आम नागरिकहरू ।<br><br>**स्थानः** सम्वन्धित कार्यालयले छनौटगर्ने । |
| बजेट बाँडफाँड | औषधी को हकमा औषधी खरिद बाट व्यवस्था हुने र संचालन व्यवस्थापन खर्च बजेट अख्तियारीमा भए बमोजिम । |
| सन्दर्भ सामाग्री | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## ६) आयुर्वेद सेवा सम्वन्धी क्षमता अभिबृद्धि तालिम

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्यकर्मीहरुको सीप विकास तथा क्षमता अभिवृद्धि गरी प्रदेश भित्रका आयुर्वेद संस्थाहरूवाट प्रभावकारी ढंगले सेवा प्रवाह, कार्यक्रम संचालन तथा व्यवस्थापन गर्न तालिम कार्यक्रम राखिएको हो । |
| उद्देश्य | जिल्ला तथा स्थानीय स्तरमा प्रभावकारी ढंगले सेवा प्रवाह तथा कार्यक्रम संचालन गर्न आयुर्वेद स्वास्थ्यकर्मीहरुलाई तालिम प्रदान गर्ने। |
| अपेक्षित प्रतिफल | • आयुर्वेद स्वास्थ्यकर्मीहरुको सीप विकास भई दक्षता अभिवृद्धि भएको हुनेछ ।<br>• आयुर्वेदका र्यक्रमहरु प्रभावकारी र व्यवस्थित ढंगले संचालन गर्न सघाउ पुग्नेछ |
| सन्चालन प्रकृया | **सञ्चालन गर्ने निकायः** प्रदेश मातहतका जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्था ।<br>**सञ्चालन गर्ने विधिः**<br>• प्रदेश मातहतका जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्था तथा जिल्ला भित्रका आयुर्वेद औषधालय समेतबाट सहभागी छनौट गरि आवश्यकतानुसार उपयुक्त समय र स्थानमा सम्बन्धित तालिम संचालन गर्ने ।<br>• संघीय आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग तथा प्रदेश स्वास्थ्य निर्देशनालयबाट जारी भएका तालिम सम्वन्धी म्यानुअल समेतलाई आधार मानी कम्तिमा ३ कार्य दिन हुनेगरी प्रयोगात्मक कक्षालाई प्राथमिकता दिनेगरी योग, पूर्वपञ्चकर्म र AHMIS तालिम संचालन गर्ने ।<br>• आवश्यकतानुसार संघीय आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग संग समन्वय गर्ने र बिवरण पठाउने ।<br>**कार्यक्रम संचालन गर्ने समयः** कार्ययोजना अनुसार ।<br><br>**लक्षित समूहः**आयुर्वेद चिकित्सक एवं स्वास्थ्यकर्मीहरू । |
| बजेट बाँडफाँड | बजेट अख्तियारीमा भए बमोजिम । |
| सन्दर्भ सामाग्री | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## ७) PHC मा जीवनशैली व्यवस्थापन कार्यक्रम

(पाँचथर ,चितवन,कास्की, नवलपरासी (पश्चिम)सुर्खेत, जुम्ला, कञ्चनपुर, वैतडी, बाजुरा जिल्लाको लागि मात्र)।

| | |
|---|---|
| परिचय | प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा आधुनिक चिकित्सा पद्धतिसँगै आयुर्वेद तथा वैकल्पिक चिकित्सा सहितको सेवा एकीकृत रूपबाट  कम लागतमा एकै स्थानबाट  निःशुल्क रूपमा प्रदान गर्न र सेवाग्राहीलाइ छनोटको अवसर प्रदान गर्न यो कार्यक्रम नमूनाको रूपमा संचालन गर्न लागिएको हो । |
| उद्देश्य | प्राथमिक स्वास्थ्य केन्द्रमा आउने सेवाग्राहीहरूलाइ जीवनशैली व्यवस्थापन सम्बन्धि आयुर्वेद सेवा प्रदान गर्ने । |
| अपेक्षित प्रतिफल | आवश्यक आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्वन्धी  प्राविधिक जनशक्तिको आपूर्ति भै प्रभावकारी रूपमा सेवा प्रवाह भएको हुनेछ । |
| सन्चालन प्रकृया | **सञ्चालन गर्ने**  प्रदेश मातहतका  जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्था **सञ्चालन गर्ने विधिः**<br>• अघिल्ला आ.व.मा कार्यक्रम संचालन भएकोमा निरन्तरता हुनेगरी कार्यक्रम संचालन गर्ने ।<br>• सार्बजनिक खरिद ऐन २०६३ तथा सार्बजनिक खरिद नियमावली २०६४ बमोजिम  प्राप्त बजेटको परिधि भित्र रहि १ आयुर्वेद चिकित्सक र १ अभ्यंगकर्ता (प्राविधिक)कार्यरत रहेकोमा  गत आ.ब.को कार्य मुल्यांकनको आधारमा प्राथमिकता दिने गरी करार सम्झौता गरि आवश्यक सेवा संचालन खर्च समेत व्यवस्थापन गर्ने ।<br>• करार सम्झौताको जानकारी  आयुर्वेद तथा  वैकल्पिक चिकित्सा विभागमा पठाउने ।<br>• छनौट भए अनुसारका पूर्वाधारयुक्त प्राथमिक स्वास्थ्य केन्द्रमा  आएका सेवाग्राहीलाई सदवृत, आहार विहार, दिनचर्या, ऋतुचर्याका माध्यमबाट स्वस्थ जीवनशैली व्यवस्थापन सम्वन्धी परामर्श सेवा संचालन गर्ने ।<br>• योग र प्राणायाम आदिको अभ्यास गराउने।<br>• स्नेहन, स्वेदन , शिरोधारा, कटिवस्ति,जानुवस्ति आदि सेवा प्रदान गर्ने ।<br>• प्रदेश मातहतका  जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्थाबाट अनुगमन, निरिक्षण तथा  सहजिकरण गर्ने ।<br>• कार्यक्रमको प्रगति त्रैमासिक रूपमा सम्वन्धित जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्था मार्फत आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागमा पठाउने ।<br>**सेवा संचालन गर्ने समयः**कार्ययोजनानुसार |

| | |
|---|---|
| | **लक्षित समूहः**आम सेवाग्राही । |
| बजेट बाँडफाँड | प्रति इकाइ लागत ९,००,०००।— र संख्या अनुसूचि १० बमोजिम हुने । |
| सन्दर्भ सामाग्री | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## ८) आयुर्वेद संस्थालाई औषधि तथा अन्यसामग्री ढुवानी ।

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य संस्थाहरूमा आउने सेवाग्राहीहरूका लागि निःशुल्क रूपमा वितरण गर्न आवश्यक पर्ने औषधि तथा अन्य सामग्री नियमित आपूर्तिको व्यवस्था मिलाउन यो कार्यक्रम प्रस्ताव गरीएको हो । |
| उद्देश्य | औषधि तथा अन्य सामग्री ढुवानी गर्ने । |
| अपेक्षित प्रतिफल | • आयुर्वेद स्वास्थ्य संस्थाहरूमा औषधि र अन्य सामग्रीको निरन्तर आपूर्ति भएको हुनेछ ।<br>• आयुर्वेद औषधिहरू सेवाग्राहीहरूले निःशुल्क रूपमा प्राप्त गरेका हुनेछन् । |
| सन्चालन प्रकृया | **सञ्चालन गर्ने निकायः** प्रदेश मातहतका जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्था<br>**सन्चालन विधिः**<br>• विनियोजित रकमबाट खरीद भएका औषधि तथा अन्य सामग्री कार्ययोजना बमोजिम ढुवानी व्यवस्था मिलाउने ।<br>**समयावधिः** योजना अनुसार ।<br>**लक्षित समुहः**आयुर्वेद संस्थाहरू ।<br>**स्थानः** कार्ययोजना अनुसार तोकिएका स्थान । |
| बजेट बाँडफाँड | बजेट अख्तियारीमा भए बमोजिम । |
| सन्दर्भ सामाग्री | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## ९) राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरि जयन्ति,राष्ट्रिय योग दिवस/ अन्तर्राष्ट्रिय योगदिवस

| | |
|---|---|
| परिचय | कार्तिक महिनामा धन्वन्तरि जयन्ति, माघ महिनामा राष्ट्रिय योग दिवस, असार महिनामा अन्तर्राष्ट्रिय योग दिवस मनाउने गरिन्छ । |
| उद्देश्य | योग र जीवनशैलीको माध्यमबाट आरोग्यता प्राप्तिका लागि तोकिएका दिवस अभियानका रुपमा मनाउने । |
| अपेक्षित प्रतिफल | • योगाभ्यास बाट हुने लाभका बिषयमा जनचेतना अभिवृद्धि हुनेछ ।<br>• नसर्ने रोग न्यूनिकरणमा सहयोग पुग्नेछ । |
| सन्चालन प्रकृया | **सञ्चालन गर्ने निकायः** प्रदेश मातहतका जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्था<br><br>**सन्चालन विधिः**<br>• प्रदेश मातहतका जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्थाको संयोजनमा प्रत्येक वर्ष धन्वन्तरि जयन्तिका दिन स्वास्थ्य सम्बन्धि बिभिन्न जनचेतनामूलक कार्यक्रम सहित आरोग्य दिवस मनाउने ।<br>• प्रत्येक वर्ष माघ१गते र जुन २१ का दिन चिकित्सकीय योगाभ्यास सहित जिल्ला स्थित आयुर्वेद औषधालयहरूको समेत सहभागिता हुनेगरी सर्वसाधारणको उल्लेख्य सहभागिता हुनसक्ने स्थान छनौट गरि क्रमशः राष्ट्रिय योग दिवस र अन्तराष्ट्रिय योग दिवस विविध कार्यक्रम सहित अभियानको रुपमा मनाउने ।<br>• योग,आयुर्वेद र स्वस्थ जीवनशेलीको महत्व वारे प्रचार प्रसार गर्ने ।<br>• प्रगति बिवरण आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागमा पठाउने । |
| बजेट बाँडफाँड | बजेट अख्तियारीमा भए बमोजिम । |
| सन्दर्भ सामाग्री | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## १०) औषधि खरिद

| | |
|---|---|
| परिचय | गुणस्तरीय औषधि र स्वास्थ्य सामग्रीको सहज तथा प्रभावकारी आपूर्ति एवं उपयोगलाई सुनिश्चित गर्दै आयुर्वेद स्वास्थ्य संस्थाहरूमा सेवा लिन आउने सेवाग्राहीलाई तोकिएका औषधि निःशुल्क रूपमा निरन्तर उपलब्ध गराउने उदेश्यले यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | • निःशुल्क अत्यावश्यक औषधिहरूको उपलव्धता सुनिश्चित गर्ने ।<br>• स्थानीय रुपमा देखिने रोगहरूको प्राथमिकता अनुसार निरन्तर व्यवस्था हुनेगरि आवश्यक आयुर्वेद औषधि खरिद गर्ने ।<br>• निःशुल्क औषधि सहितको सेवा निरन्तर प्रवाह गर्ने । |
| अपेक्षित प्रतिफल | अत्यावश्यक औषधि सहितको सेवा नियमित उपलब्ध हुनेछ । |
| सन्चालन प्रकृया | **संचालन गर्ने निकायः** प्रदेश मातहतका जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्था ।<br>**संचालन विधिः—**<br>• आयुर्वेद स्वास्थ्य संस्थाको विरामी तथ्यांक अनुसार खरिद गर्ने आयुर्वेद औषधिको प्राथमिकता एवं परिमाण निर्धारण गर्ने ।<br>• यस शिर्षकबाट निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर ,जेष्ठ नागरिक कार्यक्रम,स्तनपायी आमा ,पूर्वकर्म(पञ्चकर्म),स्वस्थ जीवन,नागरिक आरोग्य सेवा केन्द्र तथा PHC मा जीवनशैली व्यवस्थापन लगायत सम्पूर्ण कार्यक्रमका लागि समेत औषधि उपलव्ध गराउने ।<br>• औषधि खरिद गर्दा अनुसूची ६ अनुसारका निःशुल्क बितरण गरिने अत्यावश्यक आयुर्वेद औषधिहरुको मिति२०७४।७।२३कोस्वीकृत सूची (२३वटा) तथा अन्य कार्यक्रमका लागि विगतमा तोकीए अनुसारका औषधि खरिद गर्नु पर्नेछ ।<br>• सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम खरिद इकाइ गठन गरी प्राप्त वजेटको परिधीभित्र रहि प्रचलित कानून वमोजिम गर्ने ।<br>• सार्वजनिक निकालयले सोझै खरिद गर्नु अघि सार्वजनिक खरिद ऐन २०६३को दफा ४१ र सार्वजनिक खरिद नियमावली २०६४(संशोधन सहित) को नियम ८६ बमोजिमका विषय एकिन गरी नियम ८५ मा व्यवस्था भए बमोजिम गुणस्तरीय औषधी खरिद गर्ने ।<br>• यसरी औषधी खरिद गर्दा औषधी व्यवस्था विभागबाट उत्पादन तथा अनुज्ञापत्र प्राप्त तथा नविकरण गरेको उत्पादकको औषधी खरिद गर्नुपर्नेछ । |

| | |
|---|---|
| | • अनुसूचि ७ बमोजिमको गुणस्तर परिक्षण प्रतिवेदन र चूर्ण  औषधीहरूको हकमा मान्यता प्राप्त  औषधी परिक्षण प्रयोगशालाबाट microbial test comply भएको प्रमाणपत्र र औषधी दाखिला प्रतिवेदनको छायाँप्रति सहित  औषधी दाखिला भएको मितिले १ महिनाभित्र आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागमा अनिवार्य रूपमा पठाउनुपर्नेछ<br>• औषधिको गुणस्तर परीक्षण अनुसूची ७ मा तोकिए वमोजिम हुनेछ । खरिद सम्वन्धमा अनुसूचि ९ वमोजिम को फारम  भरि अध्यावधिक गर्नुपर्ने छ ।<br>**लक्षितसमूहः—** सेवाग्राहीहरू ।<br>**कार्यक्रम संचालन गर्नुपर्ने समयः—** कार्ययोजना अनुसार । |
| बजेट बाँडफाँड | बजेट अख्तियारीमा भए बमोजिम । |
| सन्दर्भ सामाग्री | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## ११) अनुगमन,मुल्यांकन,निरीक्षण तथा समन्वय ।

| | |
|---|---|
| परिचय | सक्षम तथा प्रभावकारी अनुगमन तथा मुल्यांकन सफल कार्यक्रम कार्यान्वयन तथा अपेक्षित प्रतिफल,असर, प्रभावप्राप्त गर्ने भरपर्दो औजार हो । आयुर्वेद स्वास्थ्य संस्थामा संचालित आयुर्वेद स्वास्थ्य कार्यक्रम संचालनका विविध पक्षहरूको व्यवस्थापनका साथै समस्याहरूको दीर्घकलीन समाधान पहिचान गरि निर्धारित प्रक्रिया अपनाई कार्य सम्पादनमा प्रभावकारिता अभिवृद्धि गर्न अनुगमन,मुल्यांकन,निरीक्षण तथा समन्वय आवश्यक हुन्छ । |
| उद्देश्य | • जिल्लामा प्रदान गरिने आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाको अनुगमन, मूल्यांकन, निरीक्षण तथा समन्वय गर्न आवश्यक पक्षहरुको पहिचान गर्ने । |
| अपेक्षित प्रतिफल | • आयुर्वेद  तथा वैकल्पिक स्वास्थ्य उपचार सेवा व्यवस्थित र प्रभावकारी भएको हुनेछ ।<br>• आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रवाहका लागि आवश्यक समन्वय र सहजीकरण हुनेछ ।<br>• प्रगति बिवरण संघीय आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागमा प्राप्त भई आगामि आ.ब.को योजना तर्जुमाका लागि सहयोग पुग्नेछ । |
| सन्चालन प्रकृया | **संचालन गर्ने निकायः** प्रदेश मातहतका  जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्था ।<br>**संचालन विधीः**<br>• कार्यक्रम सम्वन्धी बार्षिक कार्ययोजना तयार गर्ने । |

| | |
|---|---|
| | • जिल्ला भित्रका आयुर्वेद तथा वैकल्पिक चिकित्सा विधाका सरकारी, निजी, सामुदायिक स्वास्थ्य संस्थाहरु एवं जडिबुटी तथा औषधिजन्य वस्तुहरुसंग सम्बन्धित फर्म, कम्पनी, उद्योग लगायतको अनुगमन, मूल्यांकन, निरीक्षण गरि त्रैमासिक रूपमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागमा प्रगति प्रतिवेदन गठाउने । |
| बजेट बाँडफाँड | बजेट अख्तियारीमा भए बमोजिम । |
| सन्दर्भ सामाग्री | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## १२) जेष्ठ नागरिकको लागि स्वास्थ्य प्रवर्धन सेवा कार्यक्रम ।

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य संस्थाहरुमा सेवा लिन आउने जेष्ठ नागरिक सेवाग्राहीहरुको पहिचान गरी नियमित रूपमा स्वास्थ्य जाँच तथा प्रबर्धन गर्न यो कार्यक्रम प्रस्ताव गरिएको हो । |
| उद्देश्य | जेष्ठ नागरिकहरूको शारीरिक जाँच गरी रसायन चिकित्सा र योगको माध्यमबाट स्वास्थ्य संरक्षण, प्रवर्धन र उचित परामर्श दिने । |
| अपेक्षित प्रतिफल | • जेष्ठ नागरिकहरूले नियमित रूपमा आवश्यक सेवा एवं औषधोपचार प्राप्त गर्नेछन् ।<br>• योग तथा उपयुक्त आहार विहार अपनाएर जीवनशैली परिवर्तन गरी स्तरीय जीवन यापन गर्न सक्नेछन् ।<br>• रसायन औषधिहरूको प्रयोगबाट जेष्ठ नागरिकहरूको स्वास्थ्य संरक्षण र प्रवर्धन भएको हुनेछ । |
| सन्चालन प्रकृया | **कार्यक्रम संचालन गर्ने निकायः—** प्रदेश मातहतका जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्था ।<br>**संचालन विधिः—**<br>• आयुर्वेद स्वास्थ्य संस्थाहरुमा सेवा लिन आउने जेष्ठ नागरिक सेवाग्राहीहरु सेवाग्राहीको पहिचान गरी नियमित रूपमा स्वास्थ्य जाँच गर्ने ।<br>• आचार रसायन, आहार—विहार, व्यायाम, योग तथा पूर्वपञ्चकर्म विधिको आधारमा सेवा प्रदान गर्ने ।<br>• समुदायमा स्वास्थ्य सेवाबाट बञ्चित, आर्थिक रूपले बिपन्न वर्गका जेष्ठ नागरिकहरूका लागि काम गरिरहेका स्थानीय संघ संस्थाहरू, बृद्धाश्रम, योग केन्द्रहरूसंग समेत समन्वय गर्न सकिनेछ ।<br>• कार्यक्रमको अभिलेख अनुसूची‘३ वमोजिम अद्यावधिक राखु पर्ने छ । |

| | |
|---|---|
| | • यस कार्यक्रमको प्रतिवेदन तोकिएको ढांचामा सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।<br>**कार्यक्रम संचालन गर्नु पर्ने समयः—**कार्यालय समयमा नियमित रुपमा ।<br>**लक्षित समूहः—**जेष्ठ नागरिकहरु । |
| बजेट बाँडफाँड | संचालन तथा व्यवस्थापन खर्च बजेट शिर्षकमा भए बमोजिम हुने (औषधीको हकमा औषधी खरिद शिर्षकबाट व्यवस्था हुने) |
| सन्दर्भ सामाग्री | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## १३) स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक जडिबुटी जन्य औषधि वितरण

| | |
|---|---|
| परिचय | मातृशिशु स्वास्थ्य र स्तनपानको महत्व बुझाउन,आमा र बच्चाको स्वास्थ्य सुधार गर्न तथा कुपोषणजन्य रोगबाट बचाउन, सुत्केरी महिलाको पर्याप्त दूध बढाउन शतावरी चूर्ण वितरण गर्न र सेवाग्राहीमा सो सम्बन्धि चेतनामूलक सामाग्री वितरण गर्न यो कार्यक्रम प्रस्ताव गरिएको हो । |
| उद्देश्य | • आमा र बच्चाको स्वास्थ्य सुधार गर्ने तथा कुपोषणजन्य रोगबाट बचाउने<br>• स्तनपानको महत्वबारे स्तनपायी महिलाहरूलाई जनचेतनामूलक स्वास्थ्य शिक्षा प्रदान गर्ने ।<br>• मातृशिशु मृत्युदर घटाउने । |
| अपेक्षित प्रतिफल | • शतावरी चूर्ण,दशमूल तेलको समेत प्रयोगबाट शिशु र आमाको स्वास्थ्यमा सुधार हुनेछ ।<br>• स्तनपायी महिलाहरू आफ्नो शिशुलाई स्तनपान गराउन उत्प्रेरित हुनेछन् ।<br>• बच्चाको शारीरिक र मानसिक बृद्धि र विकासमा सघाउ पुग्नेछ ।<br>• कुपोषणजन्य रोगहरूको रोकथाम हुनेछ ।<br>• बाल मृत्युदर घटाउन मद्धत पुग्नेछ । |
| सन्चालन प्रकृया | **कार्यक्रम संचालन गर्ने निकायः—** प्रदेश मातहतका जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्था ।<br>**संचालन विधिः—**<br>• स्वास्थ्य संस्थामा आउने समवन्धित सेवाग्राहीलाइ अनुसूची'४ मा तोकिए बमोजिमको औषधि समावेश गरी नियमित रूपमा सेवा प्रदान गर्ने ।<br>• स्वास्थ्य स्वयंसेविका समेतको समन्वयमा सुत्केरी महिलाको लगत संकलन गर्ने । |

| | |
|---|---|
| | • शिशु र आमाको नियमित रूपमा स्वास्थ्य जाँच गर्नुपर्नेछ ।<br>• आवश्यकतानुसार सुत्केरी महिलाको पर्याप्त दूध बढाउन शतावरी (कुरिलो चूर्ण) ६ महिनासम्म खुवाउनुपर्नेछ । तत्काल सुत्केरी भएको अवस्था छ भने आमालाई एक महिनासम्म दशमूल तेलको मालिस प्रयोग गर्न दिनुपर्नेछ ।<br>• मातृशिशु स्वास्थ्य र स्तनपानको महत्व बुझाउन बर्थिङ सेन्टर, खोपकेन्द्र, पूर्वप्रसूति जाँच गर्ने स्थानहरूसंग समेत समन्वय गर्न सकिनेछ ।<br>• प्रत्येक बर्षको स्तनपान सप्ताहमा सरोकारवाला निकायसँग समन्वय गरी तोकिएको लक्षित समुदायलाई चेतनामुलक सामाग्री मार्फत प्रचार प्रसार गर्ने ।<br>• कार्यक्रमको अभिलेख अनुसूची'३ वमोजिम अद्यावधिक राख्नु पर्ने छ ।<br>**लक्षित समूहः—** स्तनपायी महिला (बच्चा जन्मेपछि ६ महिना सम्म) ।<br><br>**कार्यक्रम संचालन गर्नु पर्ने समयः—** आयुर्वेद स्वास्थ्य संस्थाबाट नियमित |
| बजेट बाँडफाँड | संचालन तथा व्यवस्थापन खर्च बजेट शिर्षकमा भए बमोजिम हुने (औषधीको हकमा औषधी खरिद शिर्षकबाट व्यवस्था हुने) |
| सन्दर्भ सामाग्री | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## १४) पंचकर्म(पूर्वकर्म) कार्यक्रम ।

| | |
|---|---|
| परिचय | पूर्वकर्म कार्यक्रमका माध्यमबाट आयुर्वेद स्वास्थ्य संस्थाहरुमा आउने सेवाग्राहीहरूको स्वास्थ्य प्रवर्धन गर्न यो कार्यक्रम संचालन गरिएको हो । |
| उद्देश्य | आयुर्वेद स्वास्थ्य संस्थाहरुमा आउने सेवाग्राहीहरूको जाँच गरी पूर्वकर्मको माध्यमबाट स्वास्थ्य संरक्षण, प्रवर्धन, आवश्यक उपचार र उचित परामर्श दिने । |
| अपेक्षित प्रतिफल | • यस सेवाबाट बिरामीहरू तथा सेवाग्राहीहरूको स्वास्थ्य संरक्षण, प्रवर्धन र पुनर्स्थापनामा सघाउ पुग्नेछ । |

| | |
|---|---|
| सन्चालन प्रकृया | **कार्यक्रम संचालन गर्ने निकायः—** प्रदेश मातहतका जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्था ।<br>**संचालन विधिः—**<br>• सार्बजनिक खरिद ऐन २०६३ तथा सार्बजनिक खरिद नियमावली २०६४ बमोजिम प्राप्त बजेटको परिधि भित्र रहि कार्यरतलाई कार्य मूल्यांकनको आधारमा प्राथमिकतामा राखि१ महिला र १ पुरूष गरी जम्मा २ जना अभ्यंगकर्तासंग अनुसूचि ५ वमोजिमको कार्य विवरण अनुसारका कार्य गर्नेगरि करार सम्झौता गर्ने ।<br>• पूर्वपञ्चकर्म कार्यक्रम संचालन भएका आयुर्वेद स्वास्थ्य संस्थाहरुमा सेवा प्रयोजनका लागि अनुसूची १ मा तोकिए बमोजिमको फाराम भर्ने ।<br>• आयुर्वेद स्वास्थ्य संस्थाहरुमा आएका सेवाग्राहीलाई स्वास्थ्य जाँच गरि समस्याको पहिचान गरी आवश्यकता अनुसार पूर्वकर्म सेवाका लागि सिफारिस गर्ने ।<br>• पंचकर्म अन्तर्गत पूर्वकर्मको रूपमा आवश्यकतानुसार स्नेहन, स्वेदन, शिरोधारा, कटीवस्ति, ग्रीवावस्ति, नस्य आदि संचालन गर्ने ।<br>• स्वेदन कर्म को लागि अनुसूची'२ वमोजिम का द्रव्य रोगानुसार प्रयोग गर्ने ।<br>**लक्षित समूहः—**आयुर्वेद संस्थाहरूमा उपचारार्थ आएका सेवाग्राहीहरू ।<br>**कार्यक्रम संचालन गर्नु पर्ने समयः—**कार्यालय संचालन रहने समयमा नियमित रुपमा । |
| बजेट बाँडफाँड | ४,८०,०००।—(करार सेवा) र ८०,०००।—(संचालन तथा व्यवस्थापन खर्च) ,औषधी को हकमा औषधी खरिद शिर्षकबाट व्यवस्था हुने । |
| सन्दर्भ सामाग्री | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## १५) स्वस्थ जीवन कार्यक्रम

| | |
|---|---|
| परिचय | योग र स्वस्थ जीवनशैलीको वारेमा जानकारी गराउन, योगलाई व्यवहारमा नियमित अभ्यास गर्न प्रोत्साहित गर्न र चिकित्सा सम्वद्ध योग(Therapeutic Yoga) को अभ्यास गराउने प्रयोजनका लागि यो कार्यक्रम राखीएको हो ।यस कार्यक्रमवाट समुदायका नागरिकलाई सर्ने/नसर्ने रोगहरूको रोकथामको उपायहरूको वारेमा जानकारी गराइन्छ । |
| उद्देश्य | • स्वास्थ्य संरक्षण, प्रवर्धन, आवश्यक उपचार र उचित परामर्श दिने । |

| | |
|---|---|
| | • योग र स्वस्थ जीवन शैलीको बारेमा जानकारी गराउने र व्यवहारमा ल्याउन प्रोत्साहित गर्ने । चिकित्सा सम्बद्ध योग (Therapeutic Yoga )को आवश्यकतानुसार अभ्यास गराउने ।<br>• समुदायका जनताहरूलाई सर्ने /नसर्ने प्रकारका रोगहरु र यस्ता प्रकारका रोगहरुको रोकथामको उपायहरुको बारेमा जानकारी गराउने । |
| अपेक्षित प्रतिफल | • सेवाग्राहीहरूको स्वास्थ्य प्रवर्धन भै स्वस्थ र दीर्घायु जीवन यापन गरेका हुनेछन् ।<br>• सेवाग्राहीहरू सर्ने/ नसर्ने प्रकारका रोगहरुबाट बच्न सक्नेछन् । |
| सन्चालन प्रकृया | **कार्यक्रम संचालन गर्ने निकायः—** प्रदेश मातहतका जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्था ।<br>**संचालन विधिः—**<br>• प्रत्येक दिन विहानको समयमा सहभागीलाई योग अभ्यास गराउने ।<br>• योगको अभ्यास सकिसके पछि एक मात्रा शिलाजीत र अमृत चियाको सेवन अनुसूची ८ अनुसार गराउने ।<br>• आयुर्वेदमा उल्लेख भए अनुसारको आहार विहारको व्यबहार गर्न सिकाउने ।<br>• सेवाग्राहीलाई आवश्यकतानुसार पूर्वकर्म तथा शिरोधारा गराई अभिलेख राख्ने ।<br>• प्रत्येक हप्ता यस कार्यक्रममा सहभागीको रक्तचाप,तौल मापन गरि अभिलेख राख्ने ।<br>• मधुमेहका रोगी भएमा प्रत्येक महिना रगतमा चिनी र पिसावमा अल्वुमिनको मात्रा परीक्षण गर्न लगाई त्यसको अभिलेख राख्ने ।<br>• स्वास्थ्यमा आएको विशेष परिवर्तन भएमा त्यसको समेत अभिलेख राख्ने<br>**लक्षित समूहः—** कार्यक्रम संचालन हुने आयुर्वेद संस्थामा आउने सेवाग्राहीहरु ।<br>**कार्यक्रम संचालन गर्नु पर्ने समयः—** प्रत्येक दिन विहान । |
| बजेट बाँडफाँड | संचालन तथा व्यवस्थापन खर्च बजेट शिर्षकमा भए बमोजिम हुने (औषधीको हकमा औषधी खरिद शिर्षकबाट व्यवस्था हुने) |
| सन्दर्भ सामाग्री | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## १६) जडिवुटीवाट चूर्ण औषधी निर्माण ।

| | |
|---|---|
| परिचय | स्थानीय स्तरमा उपलव्ध हुने जडिवुटीहरूको उपयोग गरी औषधी निर्माण गरी औषधीको अभाव हुन नदिन र स्थानीय ताजा जडिवुटको प्रयोगलाई वढावा दिन यो कार्यक्रम राखीएको हो । |
| उद्देश्य | • वर्षभरी निरन्तर उपयोग गरिने आयुर्वेद औषधीको अभाव हुन नदिने ।<br>• स्थनीय स्तरमा उपलव्ध हुने जडिवुटीको प्रयोग गरी चूर्ण औषधी निर्माण गरी वितरण गर्ने । |
| अपेक्षित प्रतिफल | • स्थानीय स्तरमा उपलव्ध हुने जडिवुटीहरूको समूचित उपयोग भएको हुनेछ । |
| सन्चालन प्रकृया | **कार्यक्रम संचालन गर्ने निकायः—** प्रदेश मातहतका जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्था<br>**संचालन विधि**<br>• आवश्यक पर्ने चूर्ण औषधी निर्माणका लागि स्थानीय स्तरमा उपलव्ध हुने जडिवुटी छनौट गरी स्थानीय स्तरमै संकलन वा आवश्यकतानुसार स्थानीय दररेट अनुसार हुनेगरी जडिवुटी खरिद गर्ने ।<br>• आवश्यकतानुसार चूर्ण औषधी निर्माण विधि अपनाइ प्याकेजिङ र सरसफाइलाई ध्यानमा राखि एकल द्रव्य युक्त चूर्ण तयार गरी अन्य सेवा केन्द्रलाई समेत उपलव्ध गराउने । |
| बजेट वाँडफाँड | बजेट अख्तियारीमा भए बमोजिम । |
| सन्दर्भ सामाग्री | चूर्ण औषधी निर्माण निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## १७) मेडिकल सामाग्रि,उपकरण तथा मेसिनरी औजार खरिद ।

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य संस्थाहरूमा चिकित्सा उपयोगि सामाग्रीको व्यवस्थापन सहज पार्न यो कार्यक्रम राखीएको हो । |
| उद्देश्य | • नियमित आयुर्वेद स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक उपकरण लगायत आवश्यक सामाग्रीको व्यवस्थापन गर्ने ।<br>• महामारीजन्य अवस्थामा आवश्यक सुरक्षात्मक सामाग्रि समेतको व्यवस्था गर्ने । |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | • आयुर्वेद स्वास्थ्य सेवा प्रदान गर्न तथा रोग निदान गर्न आवश्यक उपकरणको उपलव्धता भएको हुनेछ ।<br>• महामारीजन्य अवस्थामा आवश्यक सुरक्षात्मक उपाय अवलम्वन भएको हुनेछ । |
| सन्चालन प्रकृया | **कार्यक्रम संचालन गर्ने निकायः—** प्रदेश मातहतका जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्था<br>**संचालन विधिः**<br>• आवश्यकतानुसार खरिद योजना वनाउने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम खरिद इकाइ गठन गरी प्राप्त वजेटको परिधीभित्र रहि प्रचलित कानून वमोजिम गर्ने ।<br>• खरिद गरीएका सामाग्रिहरूको नियमानुसार अभिलेख अद्यावधिक गरिराख्नुपर्ने छ । |
| बजेट बाँडफाँड | बजेट अख्तियारीमा भए बमोजिम । |
| सन्दर्भ सामाग्री | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## १८) आयुर्वेद सेवा कार्यक्रम सम्वन्धी समन्वयात्मक समिक्षा

| | |
|---|---|
| परिचय | प्रत्येक नागरिकलाइ राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा प्रदान गर्ने भन्ने संवैधानीक व्यवस्था भएकोले आयुर्वेद सेवा प्रवाहको सम्वन्धमा जिल्ला भित्रका आयुर्वेद औषधालय समेतको सहभागितामा, संचालित आयुर्वेद सेवा कार्यक्रमको सम्वन्धमा समन्वयात्मक समिक्षा गर्न यो कार्यक्रम राखीएको हो । |
| उद्देश्य | • आधारभूत स्वास्थ्य सेवा,नागरिक आरोग्य सेवा तथा आयुर्वेद सेवा कार्यक्रमको प्रभावकारीताको मूल्यांकन गर्ने ।<br>• गुणस्तरीय सेवा प्रवाहको सुनिश्चितता गर्ने । |
| अपेक्षित प्रतिफल | छलफल तथा आवश्यक समन्वय पश्चात आयुर्वेद स्वास्थ्य सेवा प्रवाहको सम्वन्धमा देखिने समस्या तथा चुनौति समाधानमा सहयोग भएको हुनेछ । |

| | |
|---|---|
| सन्चालन प्रकृया | **सञ्चालन गर्ने निकायः** प्रदेश मातहतका जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्था ।<br>**सञ्चालन गर्ने विधिः**<br>• जिल्ला भित्रका आयुर्वेद औषधालयहरूको सहभागिता हुनेगरी सेवा प्रदायक संस्था प्रमुखको उपस्थितिमा समन्वयात्मक छलफल गरी अघिल्लो आ.ब.मा संचालित कार्यक्रमको समिक्षा र आगामी आ.ब.मा संचालन गर्नुपर्ने कार्यक्रमको योजना तर्जुमा समेत गर्ने ।<br>• औषधालयहरूको स्थानीय नागरिक आरोग्य समिति र सो मातहतमा गठन भएका नागरिक आरोग्य समूह र अभियानको विवरण संकलन गरी आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागमा पठाउने ।<br>**कार्यक्रम संचालन गर्ने समयः** बार्षिक रूपमा (प्रथम त्रैमासिक भित्र) ।<br>**लक्षित समूहः** जिल्ला भित्रका आयुर्वेद स्वास्थ्य संस्था । |
| बजेट बाँडफाँड | बजेट अख्तियारीमा भए बमोजिम । |
| सन्दर्भ सामाग्री | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## १९) विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम

| | |
|---|---|
| परिचय | स्वस्थवृत्त (दिनचर्या,ऋतुचर्या,आहारविहार आदी),सदवृत्त,आचार रसायन, जीवनशैली सम्बन्धी सचेतना तथा स्थानीयस्तरमा प्राप्त हुने जडिवुटीको उपयोगीता बारे जानकारी गराउन र योगको बारेमा जानकारी दिनुका साथै योगका विभिन्न क्रियाकलापहरुको अभ्यास गराउन विद्यालय आयुर्वेद स्वास्थ्य तथा योग शिक्षा कार्यक्रम राखीएको हो । |
| उद्देश्य | • स्वस्थवृत्त (दिनचर्या, ऋतुचर्या, आहार, विहार आदि), स्वस्थ जीवनशैली सम्बन्धी सचेतना गराउने ।<br>• योगको बारेमा जानकारी दिने तथा योगका विभिन्न क्रियाकलापहरुको अभ्यास गराउने ।<br>• घर वरिपरीका जडिबुटि र यिनको उपयोगको सम्वन्धमा सामान्य जानकारी गराउने । |
| अपेक्षित प्रतिफल | • स्वस्थवृत्त (दिनचर्या, ऋतुचर्या, आहार, विहार आदि), स्वस्थ जीवन शैली सम्बन्धी सचेतना प्राप्त भई स्वस्थ समाज निर्माण भएको हुनेछ । |

| | |
|---|---|
| | • स्थानीयस्तरमा प्राप्त हुने जडिवुटीको उपयोगिता बारे जानकारी भई विद्यालय परिसर तथा आफ्नो घरवरिपरि पनि रोप्न प्रोत्साहित हुनेछन् ।<br>• स्वस्थ जीवनका लागि योगको महत्व बारेमा जानकारी प्राप्त भई योगअभ्यास आफूले पनि गर्ने र अरुलाई पनि सिकाउने छन् । |
| सन्चालन प्रकृया | **सञ्चालन गर्ने निकायः** प्रदेश मातहतका जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्था ।<br>**संचालन विधीः**<br>• एक सामुदायिक र एक संस्थागत का दरले, सामुदायिकको हकमा विद्यालय नर्सिङ कार्यक्रम संचालन भएका विद्यालयलाई प्राथमिकता दिई कम्तिमा २ माध्यामिक विद्यालय छनौट गर्ने ।<br>• प्रत्येक विद्यालयका प्राधानाध्यापक, स्वास्थ्य तथा शारिरीक शिक्षा विषयका शिक्षक, नर्सिङ कर्मचारी(विद्यालय नर्सिङ कार्यक्रम संचालन भएको विद्यालयको हकमा) समेत प्रति विद्यालय कम्तिमा ७ जना शिक्षक शिक्षिकालाई विभागले तयार गरेको Module For Ayurveda and Yoga Education at School मा आधारित रहि कार्यक्रम सम्वन्धमा अभिमुखिकरण गराउने ।<br>• सम्वन्धित शिक्षक शिक्षिका मार्फत हप्तामा कम्तिमा १ कक्षाका दरले उल्लेखित मोड्युलमा आधारित रहि कार्यक्रम संचालन गर्न प्रोत्साहित गर्ने ।<br>• सम्वन्धित कार्यालयले त्रैमासिक रूपमा अनुगमन,निरिक्षण तथा समन्वय गर्ने<br>**कक्षा संचालन गर्दा ध्यान दिनुपर्ने अन्य बिषयहरू** ;–<br>• कार्यक्रमको परिचय र उद्देश्य अवगत गराउने ।<br>• कृयाकलापमा उल्लेखित बिषयबस्तुहरू समेटी कक्षा सञ्चालन गर्ने ।<br>• अन्तरक्रियाको अवसर सृजना गर्ने ।<br>• स्वास्थ्य सम्बन्धी बिषयहरूको पम्प्लेट,पोष्टर,फ्लीपचार्ट आदिको उचित प्रयोग गरी व्यवहारिक ज्ञान दिने ।<br>• एक कक्षाको अवधि कम्तीमा ४५ मिनेटको हुनुपर्ने ।<br>**योगको सैद्धान्तिक तथा प्रयोगात्मक कक्षा संचालनः**<br>• प्रत्येक कक्षाका २ जनाका दरले विद्यार्थी छनौट गरि शिक्षकहरुको समेत सहभागितामा योग प्रशिक्षकद्वारा पाक्षिक रूपमा प्रयोगात्मक कक्षा संचालन गर्नुपर्नेछ ।<br>• अन्य दिनमा प्रशिक्षण दिएका विद्यार्थी र शिक्षकद्वारा आ–आफ्ना कक्षामा अन्य विद्यार्थीहरुलाई अभ्यास गराउन प्रोत्साहित गर्ने र त्यसका लागि |

| | |
|---|---|
| | विद्यालयमा नियमित समय छुट्याउन विद्यालय व्यवस्थापन समितिसंग छलफल गरि पहल गर्ने ।<br>• विद्यार्थिहरू माझ योगाभ्यास प्रतिर्पर्धा गराइ उत्कृष्ठ विद्यार्थिलाइ प्रोत्साहन गर्ने । |
| बजेट बाँडफाँड | बजेट अख्तियारीमा भए बमोजिम । |
| सन्दर्भ सामाग्री | Module for Ayurveda and Yoga Education at School ,तथा अन्य प्रचलित ऐन नियम । |

## २०) प्रयोगशालाका लागि ल्याव कर्मचारीको निरन्तरता ।

| | |
|---|---|
| परिचय | प्रयोगशाला संचालन भैरहेका जिल्लास्थित संस्थाका लागि आवश्यक स्थायी कर्मचारीको दरवन्दि नभएकाले सेवा करारमा आवश्यक कर्मचारी व्यवस्थापन गरि प्रयोगशाला सेवा सुचारू गर्न यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | • प्रभावकारी एवं शुलभ निदान तथा उपचार व्यवस्थापनका लागि प्रयोगशाला सेवा संचालन गर्ने । |
| न्यूनतम शैक्षिक योग्यता | • ल्याव टेक्निसियनः मान्यता प्राप्त शैक्षिक संस्थाबाट मे.ल्या.टे.विषयमा प्रविणता प्रमाणपत्र तह (सि.एम.एल.टी.)उतिर्ण गरि नेपाल स्वास्थ्य व्यवसायी परिषदमा B Class निदान समूहमा दर्ता भएको हुनु पर्ने । |
| अपेक्षित प्रतिफल | • प्रभावकारी रोग निदानको माध्यमबाट सेवा प्रभावकारीता अभिबृद्धि भएको हुनेछ । |
| सन्चालन प्रकृया | **सञ्चालन गर्ने निकायः** प्रदेश मातहतका जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्था ।<br>**सञ्चालन गर्ने विधिः**<br>• विद्यमान प्रशासनिक,आर्थिक ऐन तथा नियमावली अनुसारको प्रकृया अपनाइ करारमा लिइने पदको कार्य विवरण तयार गर्ने ।<br>• विषयगत कार्यमा कम्तिमा १ बर्षको अनुभव भएका व्यक्तिलाई प्राथमिकता दिने<br>• करार सम्झौता भएका कर्मचारीको कार्यसम्पादनको नियमित मुल्यांकन र अनुगमन गर्ने । |
| बजेट बाँडफाँड | बजेट अख्तियारीमा भए बमोजिम । |
| सन्दर्भ सामाग्री | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## २१) नागरिक आरोग्य सेवा केन्द्र तथा नागरिक आरोग्य अभियान संचालन

| | |
|---|---|
| परिचय | नेपाल सरकारको बार्षिक नीति तथा कार्यक्रम अनुसार व्यक्तिको खानपिन, आनिवानी र व्यवहारमा सुधार गर्न शारिरीक ब्यायाम, योग र ध्यान जस्ता कृयाकलापलाइ दैनिक जीवनचर्याको रूपमा विकास गरि सवै नागरिकको स्वस्थ जीवन सुनिश्चित गर्न स्थानीय तहसंगको सहकार्य र आम नागरिकको सहभागितामा  नागरिक आरोग्य सेवा केन्द्र तथा नागरिक आरोग्य अभियान संचालन गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | • स्थानीय तहमा नागरिक आरोग्य सेवा केन्द्र संचालन गर्ने ।<br>• स्वस्थ जीवनशैली अवलम्वनका लागि अभियानमूलक कार्यक्रमहरू संचालन गर्ने ।<br>• नागरिक आरोग्य सेवा केन्द्र मार्फत आधारभूत आयुर्वेद स्वास्थ्य सेवा समेत उपलब्ध गराउने । |
| अपेक्षित प्रतिफल | • स्वस्थ जीवनशैली अवलम्वनको माध्यमबाट नागरिकको स्वास्थ्य प्रवर्धन भएको हुनेछ ।<br>• विभिन्न सर्ने  तथा नसर्ने  रोगहरुबाट बच्न सघाउ पुग्नेछ । |

| | |
|---|---|
| सन्चालन प्रकृया | **कार्यक्रम संचालन गर्ने निकायः—** प्रदेश मातहतका जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्था ।<br>**संचालन विधिः—**<br>• नागरिक आरोग्य अभियान संचालनको लागि नागरिक आरोग्य कार्यक्रम संचालन निर्देशिका-२०७६ बमोजिम स्थानीय नागरिक आरोग्य समिति र प्रति नागरिक आरोग्य सेवा केन्द्रले कम्तिमा ५ वटाका दरले वडा स्तरीय नागरिक आरोग्य समूह गठन गरि अनिवार्य रूपमा मासिक प्रगति विवरण आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागमा पठाउने ।<br>• औषधालयहरू रहेका पालिकाहरूमा समिति गठनको लागि सहजिकरण गरि नागरिक आरोग्य अभियान संचालन गर्ने गराउने ।<br>• नागरिक आरोग्य सेवा केन्द्रको सहजिकरण सम्वद्ध प्रदेश सरकार अन्तर्गतका जिल्ला स्थित आयुर्वेद स्वास्थ्य संस्थाबाट हुनेछ । साथै समन्वय तथा अनुगमन कार्य संघीय सरकार एवं प्रदेश मातहतका जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्था र स्थानीयतहबाट हुनेछ ।<br>• यस आ.व.मा आवश्यक न्यूनतम जनशक्ति (कविराज/ वैद्य ) माथिल्लो शैक्षिक योग्यतालाइ प्राथमिकता दिनेगरी १ जना र सहयोगी १ जना (अभ्यंगकर्ताको तालिम लिएकालाइ प्राथमिकता दिने गरी) तल उल्लेखित नागरिक आरोग्य सेवा केन्द्रको कार्यविवरण मुताविकका कार्य गर्नेगरि नियमानुसार करार सम्झौता गरि नागरीक आरोग्य सेवा प्रवाह गर्नु पर्ने छ ।<br>• कार्यवोझको आधारमा स्थानीय तहको खर्चबाट थप जनशक्ति तथा पूर्वाधार समेत व्यवस्था गर्नसक्नेछ ।<br>• नागरीक आरोग्य सेवा प्रवाहका लागि आवश्यक पर्ने न्यूनतम पूर्वाधार सम्वन्धित स्थानीय तहले व्यवस्था गर्नुपर्नेछ ।<br>• आधारभूत आयुर्वेद सेवा,जेष्ठनागरिक सेवा,स्तनपायी आमा स्म्वन्धी सेवा, परामर्श सेवा,**स्वस्थजीवनशैलीअभियान** लगायतका सेवाको समूचित व्यवस्था सम्वन्धित स्थानीय तहको समन्वयमा गर्नुपर्ने छ ।<br>• प्रदेश मातहतका जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्था /आयुर्वेद औषधालय(स्थानीय तहबाट संचालित आयुर्वेद स्वास्थ्य संस्था समेत)रहेको वडाको नागरिक आरोग्य सेवा सोही संस्थाबाट प्रदान गरिनेछ ।<br>• उल्लेखित कार्यक्रम बाहेक थप बजेटको सुनिश्चितता भै कुनै पालिका भित्रका सम्वन्धित कुनै वडामा स्थापना हुने नागरिक आरोग्य सेवा केन्द्रको हकमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागको समन्वय र परामर्शमा स्थानीय तहका वडाका स्वास्थ्य संस्थामा नागरिक आरोग्यक सेवा केन्द्र स्थापना सम्वन्धी निर्देशिका २०७७ बमोजिम गर्नुपर्नेछ ।<br>• नागरिक आरोग्य कार्यक्रम संचालन निर्देशिका २०७६ बमोजिमका |

| | |
|---|---|
| | **नागरिक आरोग्य सेवा केन्द्रको लागि कार्य विवरणः**<br>१. नागरिक आरोग्य केन्द्र सञ्चालन भएको स्थानिय तह , स्थानीय तहमा भएका स्वास्थ्य संग सम्बन्धित अन्य संघ सस्था र वडा कार्यालय सँग समन्वय गर्दै स्वास्थ्य सम्बन्धी कार्यक्रममा सहभागिता जनाउने ।<br>२. केन्द्रबाट प्राप्त भएको प्रश्नावलीका आधारमा घरदैलोमा गई तथ्याङ्क संकलन गरि आवश्यकतानुसार आरोग्यता सम्वन्धी परामर्श सेवा प्रदान गर्ने ।<br>३. नागरिक आरोग्य केन्द्रमा आएका सेवा ग्राहीहरुलाई आधारभूत आयुर्वेद सेवा दिने<br>४.स्वस्थ जीवनशैली, योग तथा जडिबुटी सम्बन्धी जानकारी स्थानीय विद्यालय र समूदायलाई दिने।<br>५. जिल्ला मार्फत प्राप्त नागरिक आरोग्य अभियानसंग सम्बन्धित पुस्तक, पम्पलेट, ब्रोसर तथा हाते पुस्तिका लगायतका सूचनामूलक सामाग्रिहरू सम्बन्धित व्यक्ति, समूदाय तथा विद्यालयमा वितरण गर्ने ।<br>६. प्रत्येक महिनाको दैनिक कार्य तालिका बनाई सर्वसाधारणले देख्नेगरि सेवा केन्द्रमा टाँस गरि माथि उल्लेखित कार्यहरु सम्पादन गर्ने ।<br>७.तोकीए बमोजिमका अन्य कार्यहरू गर्ने । |
| बजेट बाँडफाँड | प्राप्त बजेटबाट जिल्ला तथा स्थानीय स्तरका नागरिक आरोग्य समितिको लागि एकमुष्ठ रू.५०,०००, प्रति नागरिक आरोग्य सेवा केन्द्रको कर्मचारी व्यवस्थापनको लागि ५,२५,०००।— र नागरिक आरोग्य सेवाकेन्द्र, समिति तथा नागरिक आरोग्य समूहहरू मार्फत हुने अभियान संचालन खर्च प्रति केन्द्र रू.९५००० हुनेगरी व्यवस्था गर्ने । केन्द्र संख्या अनुसूचि १० वमोजिम हुने । |
| सन्दर्भ सामाग्री | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## अस्पताल संचालन तथा व्यवस्थापन खर्च

### २२) प्रादेशिक आयुर्वेद चिकित्सालय, विजौरी, दाङ र धनगढी, कैलालीको लागि

| | |
|---|---|
| परिचय | प्रादेशिक आयुर्वेद चिकित्सालयको प्रभावकारी संचालन तथा व्यवस्थापनको माध्यमबाट गुणस्तरीय आयुर्वेद स्वास्थ्य सेवा प्रवाहका लागि यो कार्यक्रम राखीएको हो । |
| उद्देश्य | • प्रादेशिक आयुर्वेद चिकित्सालयको सेवा प्रवाहमा प्रभावकारीता अभिबृद्धि गर्ने । |
| अपेक्षित प्रतिफल | • प्रादेशिक आयुर्वेद चिकित्सालयहरूको सेवा प्रवाह व्यवस्थित भै सेवाग्राहिहरूले गुणस्तरीय आयुर्वेद सेवा प्राप्त गरेका हुनेछन् । |
| सन्चालन प्रकृया | **संचालन गर्ने निकायः** प्रादेशिक आयुर्वेद चिकित्सालय<br>**संचालन विधिः** प्रादेशिक आयुर्वेद चिकित्सालयमा बिनियोजित रकम मध्येबाट चिकित्सालयले तपशील बमोजिम गर्ने ।<br>• प्रथम त्रैमासिक अवधि भित्र चिकित्सालयको संचालन तथा व्यवस्थापन सम्वन्धी आवश्यकता पहिचान गर्ने ।<br>• यसरी आवश्यकता पहिचान भएका कार्यक्रमको सम्वन्धमा सोही अवधि भित्र आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागसंगको समन्वय एवं परामर्शमा चिकित्सालय संचालन तथा व्यवस्थापन सम्वन्धी कार्यक्रम तथा बजेट बाँडफाँड कार्ययोजना बनाउने ।<br>• कार्यक्रम तथा बजेट बाँडफाँड कार्ययोजना स्वीकृती पश्चात प्रचलित ऐन नियमको परिधी भित्र रहि बजेट कार्यान्वयन गर्ने ।<br>• बजेट कार्यान्वयन सम्वन्धी त्रैमासिक प्रगति प्रतिवेदन अनिवार्य रूपमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागमा पठाउने । |
| बजेट वाँडफाँड | स्वीकृत कार्य योजना बमोजिम । |
| सन्दर्भ सामाग्री | कार्यक्रम कार्यान्वयन कार्ययोजना , मापदण्ड तथा अन्य प्रचलित ऐन नियम, । |

# अनुसूचीहरू

**अनुसूची—१**

## पंचकर्म (पूर्वकर्म) सेवा सम्बन्धि फाराम

१. नाम, थरः—

२. उमेरः—

३. लिङ्गः—

४. ठेगानाः— महा/उप/नगरपालिका/गाउपालिका वडा नं.

५. पेशाः—

६. सम्बन्धित बिरामी वा अभिभावकको दस्तखतः—

८. कार्यालय प्रयोजनको लागि (२ प्रति मध्ये १ प्रति सेवाग्राहीलाई)

(क) मूल दर्ता नं.

(ख) सहायक रजिष्टर दर्ता नं.

९. सेवाः योग, पूर्वकर्मः स्नेहन र स्वेदन,शिरोधारा, प्रतिमर्स नश्य कम, अन्य

**अनुसूची — २**

## स्वेदन कर्मको लागि आवश्यक द्रव्यहरू

प्रायशः पातहरूको प्रयोग गरिन्छ र फल, बोक्रा, जरा वा काण्डको पनि प्रयोग गर्न सकिन्छ ।

| | | | | |
|---|---|---|---|---|
| सिमली (निर्गुण्डी) | पुनर्नवा | गहत | दशमूल | बृहत पंचमूल |
| लघुपञ्चमूल | गुर्जो | तण्डुल (चामल) | शीतल चिनी (शिग्रु) | तितेपाती |
| बरुण (सिप्लिगान) | एरण्ड | अर्क(आंक) | तिल | सिस्नु आदि |

**अनुसूची — ३**

## निःशुल्क बिशेष स्वास्थ्य सेवाको प्रयोजनको लागि भरिने फारम

१. नाम,थरः—

२. उमेरः—

३. लिङ्गः—

४. ठेगानाः— महा/उप/नगर/गाउंपालिका वडा नं.—

५. पेशाः—

६. सम्बन्धित बिरामी वा अभिभावकको दस्तखतः—

७. सेवाको किसिमः—

(क) जेष्ठ नागरिक (ख) स्तनपायी आमा

८. कार्यालय प्रयोजनको लागि (२ प्रति मध्ये १ प्रति सेवाग्राहीलाई )

(क) मूल दर्ता नं.

(ख) सहायक रजिष्टर दर्ता नं.

| सि.नं. | मिति | सेवाको किसिम | औषधिको नाम | फायल | ग्रा./मि.ग्रा | पुनरावृति मिति | विरामीको दस्तखत | दस्तखत(औषधि वितरण शाखा) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

| | |
|---|---|
| **सिफारिश गर्ने** | **स्वीकृत गर्ने** |
| (उपचारमासंलग्न स्वास्थ्यकर्मी) | संस्था प्रमुख |
| नाम | नाम |
| पद | पद |
| दस्तखत | दस्तखत |

अनुसूची –४

## स्तनपायी आमाका लागि औषधिहरू

| क्र.सं | औषधीको नाम | प्रयोग | मात्रा | प्रयोग विधि | प्रयोग अवधि |
|---|---|---|---|---|---|
| १ | शतावरी(कुरिलो)चूर्ण | स्तन्य वर्द्धक, पोषक,रोग प्रतिरोध शक्ति वर्द्धक | चूर्ण ३–६ ग्राम स्वरस १०–२० मि.लि. क्वाथः५०–१०० मि.लि | रस निकालेर , चूर्ण(Powder) बनाएर अथवा पकाएर क्वाथको रूपमा | आवश्यकतानुसार सुत्केरी भएको ६ महिना सम्म |

अनुसूची – ५

## पूर्वकर्म(स्नेहन,स्वेदन),शिरोधारा / पंचकर्म संचालन गर्ने अभ्यङ्गकर्ता

**अभ्यङ्गकर्ताः**

१. महिला / पुरुष

२. कम्तिमा ३ महिनाको तालिम प्राप्त ।

३. **तालिम दिने निकायः–**मान्यता प्राप्त शिक्षण संस्था/आयुर्वेद चिकित्सकको निगरानीमा आयुर्वेद संस्था ।

४. कम्तीमा ८ कक्षा उत्तीर्ण

५. स्थानीयलाइ प्राथमिकता दिने ।

उमेरः १८ – ४० वर्ष(महिलाको हकमा ४५वर्ष)

**कार्य बिवरण**

(क) अभ्यङ्ग,स्वेदन र शिरोधारा कक्षको आवश्यक सरसफाई गर्ने ।

(ख) आवश्यक पूर्वकर्मका सामग्रीहरु तयार गर्ने ।

(ग) चिकित्सकको निगरानीमा आयुर्वेद स्वास्थ्य संस्थामा आएका सेवाग्राहीहरुलाई अभ्यङ्ग (तेल मालिश), स्वेदन,शिरोधारा लगायतका कामहरु गर्ने ।

(घ) अभ्यङ्ग लगायत सेवा प्रदान गरेको बिवरणका साथै प्रतिवेदन तयार गर्न सहयोग गर्ने

अनुसूची —६

## अत्यावश्यक आयुर्वेद औषधि सूचि

१. निःशुल्क प्रदान गरिने निम्नानुसारका औषधिहरु निरन्तर रुपमा प्राप्त हुने व्यवस्था मिलाउनु पर्नेछ ।

| क्र.सं. | रोगको नाम | औषधिको विबरण | कैफियत |
|---|---|---|---|
| १ | अम्लपित्त | अविपत्तिकर चूर्ण | |
| २ | उदर रोग | हिंग्वाष्टक चूर्ण | |
| २. | वातव्याधि | महायोगराज गुग्गुल, महानारायण तैल | |
| ३. | श्वशनविकार | सितोपलादि चूर्ण, टंकण भस्म | |
| ४. | स्त्रीरोग | पुष्यानुग चूर्ण | |
| ५. | बालरोग | बालामृत, मृगमदासाव | |
| ६. | उच्च रक्तचाप | सर्पगन्धाघन वटी | |
| ७. | त्वकविकार | निम्बादि चूर्ण, गन्धक रसायन | |
| ८. | कर्ण,नासा,मुख,दन्तरकण्ठरोग | खदिरादि वटी, षडविन्दु तेल | |
| ९. | आमवात | योगराज गुग्गुल | |
| १०. | ज्वर | महाशुदर्शन चूर्ण | |
| ११. | अतिसार, ग्रहणी | महाशंख वटी, विल्वादि चूर्ण | |
| १२. | ब्रण | जात्यादि तेल | |
| १३. | वातरक्त | कैशोर गुग्गुल | |
| १४. | मूत्रविकार,प्रमेह | चन्द्रप्रभावटी | |
| १५. | विविध | त्रिफला, अश्वगन्धा चूर्ण | |

२. औषधि व्यवस्थापन

१) औषधि खरिद

औषधि खरिद गर्दा सार्बजनिक खरिद ऐन २०६३ तथा सार्बजनिक खरिद नियमावली २०६४ बमोजिम खरिद एकाइ गठन गरि प्रचलित आर्थिक ऐन नियम बमाजिम गर्नुपर्ने छ ।

क) बिनियोजित बजेटबाट ऐन नियमको परिधि भित्र रही तोकिएका औषधिहरू खरिद गर्नुपर्ने छ ।

ख) औषधिको खर्च— औषधिको आम्दानी खर्चको अभिलेख छुट्टा छुट्टै सहायक जिन्सी खाता खडा गरी खर्च व्यवस्थापन गर्नुपर्ने छ । यसरी राखिएको अभिलेख भण्डारको अभिलेख र उपचार रजिष्टरको अभिलेखसंग भिडेको हुनुपर्ने छ ।

**अनुसूची— ७**

## औषधि गुणस्तर सम्बन्धि व्यवस्था

**क) चूर्ण औषधिहरुको निम्नानुसार परीक्षण व्यवस्था गर्नेः**

| क.स | औषधिको नाम | तौल | रूप/वर्ण | स्पर्श | रस | गन्ध | एकरूपता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

| |
|---|
| प्रत्येक व्याचको स्वीकृत। प्राप्त औषधि परीक्षण प्रयोगशालाबाटMicrobial Test पूरा गरेको प्रमाणपत्र संलग्न |

**(ख) गुग्गुल/वटी औषधिहरुको निम्नानुसार परीक्षण व्यवस्था गर्नेः**

| क.स. | औषधिको नाम | तौल | | रूप/वर्ण | स्पर्श (Hardness) | एकाई तौल (Fineness) | रस | गन्ध | एकरूपता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रति वटि | प्रति बट्टा | | | | | | | |
| | | | | | | | | | | |

**(ग) भष्म/पिष्टी औषधिहरुको निम्नानुसार परीक्षण व्यवस्थ गर्नेः**

| क.स. | औषधिको नाम | तौल | स्वरूप (form) | रूप/वर्ण (colour) | रेखापूर्णता | वारितर | निश्चन्द्रिका | रस | गन्ध | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

(घ) मलहम एवं तैल औषधिहरुको निम्नानुसार परीक्षण व्यवस्था गर्नेः

| क.स. | औषधिको नाम | तौल | रूप/वर्ण (colour) | स्पर्श (smoothness) | सान्द्रता | गन्ध | एकरूपता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

सम्बन्धित निकायबाट हालसालै नविकरण गरी अद्यावधिक भएको उत्पादन तथा बिक्री बितरण दर्ता प्रमाणपत्र संलग्न हुनुपर्ने ।

**अनुसूची –८**

**(स्वस्थ जीवन कार्यक्रम संग सम्वन्धित)**

१. निःशुल्क प्रदान गरिने सेवाहरूः

क) शीलाजीतःदैनिक एक जनालाई एक मात्रा ५०० मि.ग्रा.

ख) अमृत चिया

१. गुडुचि

२. अमला

३. हरितकी

४. तुलसी

५. वरुण

माथि उल्लेख गरिएका जडिबुटीहरुको समान भाग मिलाएर चिया बनाउने र स्वस्थ जीवन कार्यक्रममा सहभागीहरुलाई ५० मि.ली. चियाको रूपमा र दैनिक एक जनालाई एक मात्रा ५०० मि.ग्रा.दरले दैनिक सेवन गराउने ।

**अनुसूची – ९**

## अत्यावश्यक आयुर्वेद औषधि तथा अन्य खरिद र जिन्सी अध्यावधिक गर्दा भर्नुपर्ने खपत विवरण फारम

| क्र.स. | औषधिको नाम | औषधिको मासिक खर्च विवरण | | औषधि हस्तान्तरण गरेको संस्थाको संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | परिणाम | इकाइ | | |
| १. | | | | | |
| २. | | | | | |

## औषधिको मौज्दात विवरण फारम

| क.सं. | औषधिको नाम | औषधिप्राप्तिको श्रोत /कार्यक्रम | | | | | | | | | | | औषधिको जम्मा परिमाण | ईकाई तौल खुल्नेगरी के.जी. /ग्राम / फाईल | कैफयत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गतआ.व.को वांकी मौज्दात | आयुर्वेद विभागवाट प्राप्त | अत्यावश्यक आयुर्वेद औषधिखरिद | चूर्ण औषधि निर्माण | अन्य वाट औषधिखरिद/प्राप्त | जेष्ठ नागरिक स्वास्थ्यप्रवर्धन सेवा | स्तनपायीआमा तथाशिशु सेवा | गांउघर शहरी क्लिनिककार्यक्रम | पञ्चकर्म (पूर्व कर्म) को लागिऔषधिखरिद | निशुल्क आयुर्वेद स्वास्थ्यीशविर संचालनको लागिऔषधिखरिद | दातृनिकायवाट प्राप्त औषधि | | | |
| | | | | | | | | | | | | | | | |

अनुसूचि १०

| क्र.सं. | साविकका अं.आ.औ/ जि.आ.स्वा.के. | नागरिक आरोग्य सेवा केन्द्र संख्या | PHC मा जिवनशैली कार्यक्रम संख्या | क्र.सं. | साविकका अं.आ.औ/ जि.आ.स्वा.के. | नागरिक आरोग्य सेवा केन्द्र संख्या | PHC मा जिवनशैली कार्यक्रम संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | मोरङ | ५ | | ४१ | मुस्ताङ | ३ | |
| २ | झापा | ६ | | ४२ | पर्वत | ३ | |
| ३ | इलाम | ३ | | ४३ | स्याङजा | ४ | |
| ४ | सनुसरी | ४ | | ४४ | म्याग्दि | ३ | |
| ५ | अखलढुंगा | ४ | | ४५ | वाग्लुङ | ३ | |
| ६ | तेह्रथुम | ३ | | ४६ | नवलपरासी(सुस्तापूर्व) | २ | |
| ७ | सोलु | ३ | | ४७ | नवलपरासी(सुस्ता पश्चिम) | ० | १ |
| ८ | खोटाङ | ४ | | ४८ | रूपन्देही | ४ | |
| ९ | ताप्लेजुङ | ४ | | ४९ | कपिलवस्तु | ५ | |
| १० | उदयपुर | ३ | | ५० | पाल्पा | ३ | |
| ११ | पाँचथर | ३ | १ | ५१ | अर्घाखाँची | ४ | |
| १२ | संखुवासभा | ४ | | ५२ | गुल्मी | ४ | |
| १३ | भोजपुर | ४ | | ५३ | रूकुम पूर्व | ० | |
| १४ | धनकुटा | ३ | | ५४ | रोल्पा | ४ | |
| १५ | सप्तरी | ६ | | ५५ | प्युठान | ४ | |
| १६ | सिराहा | ५ | | ५६ | दाङ(तुलसीपुर) | ६ | |
| १७ | धनुषा | ५ | | ५७ | बाँके | ४ | |
| १८ | महोत्तरी | ६ | | ५८ | वर्दिया | ४ | |
| १९ | सर्लाही | ५ | | ५९ | सुर्खेत | ५ | १ |
| २० | रोतहट | ६ | | ६० | दैलेख | ५ | |
| २१ | वारा | ५ | | ६१ | रूकुम(पश्चिम) | ४ | |
| २२ | पर्सा | ५ | | ६२ | सल्यान | ४ | |
| २३ | दोलखा | ४ | | ६३ | जाजरकोट | ४ | |
| २४ | रामेछाप | ४ | | ६४ | जुम्ला | ३ | १ |
| २५ | सिन्धुली | ४ | | ६५ | हुम्ला | ३ | |
| २६ | काभे | ४ | | ६६ | मुगु | ३ | |
| २७ | सिनधुपाल्चोक | ४ | | ६७ | कालिकोट | ५ | |

| क्र.सं. | साविकका अं.आ.औ/ जि.आ.स्वा.के. | नागरिक आरोग्य सेवा केन्द्र संख्या | PHC मा जिवनशैली कार्यक्रम संख्या | क्र.सं. | साविकका अं.आ.औ/ जि.आ.स्वा.के. | नागरिक आरोग्य सेवा केन्द्र संख्या | PHC मा जिवनशैली कार्यक्रम संख्या |
|---|---|---|---|---|---|---|---|
| २८ | रसुवा | ३ | | ६८ | डोल्पा | ३ | |
| २९ | नुवाकोट | ४ | | ६९ | कैलाली | ४ | |
| ३० | धादिङ | ५ | | ७० | कञ्चनपुर | ३ | १ |
| ३१ | चितवन | ३ | १ | ७१ | डडेल्धुरा | ३ | |
| ३२ | मकवानपुर | ५ | | ७२ | डोटी | ३ | |
| ३३ | भक्तपुर | ३ | | ७३ | बझाङ | ५ | |
| ३४ | ललितपुर | ४ | | ७४ | वैतडी | ४ | १ |
| ३५ | काठमाण्डौ | ४ | | ७५ | दार्चुला | ४ | |
| ३६ | गोरखा | ५ | | ७६ | अछाम | ५ | |
| ३७ | लमजुङ | ३ | | ७७ | बाजुरा | ४ | १ |
| ३८ | तनहुँ | ४ | | | | | |
| ३९ | कास्की | ३ | १ | | | | |
| ४० | मनाङ | २ | | | | | |